# प्रोत्साहन भत्ता वितरण सम्बन्धी कार्यविधी -२०७६

**प्रस्तावना**

नेपालको संविधान ,२०७२ को धारा २१४ को अधिनमा रही नगरपालिकाको शासन ब्यवस्थाको सामान्य निर्देशन,नियन्त्रण र सञ्चालन गर्ने अभिभारा नगर कार्यपालिकामा निहित रहेको तथा संविधानको धारा २२१ को अधिनमा रही ब्यवस्थापकीय अधिकार नगर सभामा निहित रहेकोले नगरपालिकाको काम काज चुस्त दुरुस्त,मितब्यी,पारदर्शी तथा छिटो र प्रभावकारी ढङ्गले संचालन गर्नका निम्ति तोकिएको कार्यालय समय बाहेक थप अतिरिक्त समयमा पनि आफ्नो श्रम र सिपको लगनशिलता एवंम धैर्यतापुवक समुचित प्रयोग गरि कार्यालयको कामकाजमा खटिने/ब्यस्त रहने राष्ट्र सेवक कर्मचारीहरुलाई उच्च मनोवल तथा दृढ विश्वासकासाथ आफ्नो जिम्मेवारी बहन गर्न प्रोत्साहन भत्ता उपलब्ध गराउने भनि गोलबजार नगरपालिकाको( तेस्रो नगर सभा-२०७६) ले निर्णय गरेको हुँदा उक्त भत्ता वितरण गर्न वान्छनीय भएकोले गोलबजार नगरपालिकाले यो कार्यविधी बनाएको छ ।

**परिच्छेद-१**

(१) **" कार्यविधीको नामः"** यस कार्यविधीको नाम " प्रोत्साहन भत्ता वितरण कार्यविधी – २०७६ " रहनेछ।

(२) **" प्रारम्भ हुनेः"** यो कार्यविधी गोलबजार नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएलगतै कार्यन्वयन हुनेछ।

**(३) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) **" प्रोत्साहन भत्ताः"** भन्नाले नगरपालिकाको काम काज चुस्त दुरुस्त,मितब्यी,पारदर्शी तथा छिटो र प्रभावकारी ढङ्गले संचालन गर्नका निम्ति तोकिएको कार्यालय समय बाहेक थप अतिरिक्त समयमा पनि आफ्नो श्रम र सिपको लगनशिलता एवंम धैर्यतापुवक समुचित प्रयोग गरि कार्यालयको कामकाजमा खटिने/ब्यस्त रहने राष्ट्र सेवक कर्मचारीहरुलाई उच्च मनोवल तथा दृढ विश्वासकासाथ आफ्नो जिम्मेवारी बहन गर्न उपलब्ध गराईने तलव भत्ता बाहेकको थप आर्थिक सुविधालाई जनाउनेछ।

(ख) **" अतिरिक्त समयः"** भन्नाले नेपाल सरकारले तोकेको निर्धारित कार्यालय समय बाहेक थप समयमा कार्यालयको काम काज गर्ने अवधीलाई जनाउनेछ।

(ग) **" प्रोत्साहन भत्ता प्राप्त गर्ने राष्ट्रसेवक कर्मचारीः"** भन्नाले गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत रहेका प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रशासन शाखामा कार्यरत रहेका लेखा अधिकृत,लेखापाल,सह लेखापाल,कर्मचारी प्रशासन शाखामा कार्यरत रहेका शाखा प्रमुख र सुचना तथा प्रविधि शाखाको शाखा प्रमुख,जिन्सी शाखा प्रमुख तथा स्वास्थ्य शाखाको शाखा प्रमुख एवंम सोही शाखामा अतिरिक्त समय कामकाज गर्ने कर्मचारीहरु लगायत प्रमुख प्रशासकीय अधिकृतले तोकेको थप अन्य सहयोगी कर्मचारी र कार्यालय सहयोगी समेतलाई जनाउनेछ।

**परिच्छेद-२**

**२) प्रोत्साहन भत्ता सम्बन्धी ब्यवस्थाः**

(१) गोलबजार नगरपालिका,नगर कार्यपालिका र अन्तर्गत विभिन्न शाखाहरुमा कार्यरत रही कार्यालयको छवि उच्च राख्न दत्त चित भई पुर्ण ईमान्दारीताकासाथ कार्यालयको मार्गनिर्देशन अनुसार कार्यालय समय बाहेक थप अतिरिक्त समय कामकाज गर्ने लगनशिल एवंम कर्मठ राष्ट्रसेवक कर्मचारीहरुलाई गोलबजार नगरपालिकाले देहायबमोजिमको मासिक प्रोत्साहन भत्ता सुविधा उपलब्ध गराउनेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा प्रदेश नं.२

**तपसिलः**

**(१.१) मासिक प्रोत्साहन भत्ताको विवरणः**

| क्र.सं. | विवरण | मासिक प्रोत्साहन भत्ताको दर | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १८,०००।- | अठार हजार रुपैया। |
| २. | अधिकृतस्तर | १०,०००।- | दश हजार रुपैया। |
| ३. | नायव सुब्बा | ७,०००।- | सात हजार रुपैया। |
| ४. | खरिदार | ५,०००।- | पाँच हजार रुपैया। |
| ५. | तेस्रो तह | २,५००।- | दुई हजार पाँच सय रुपैया। |
| ६. | कार्यालय सहयोगी | २,०००।- | दुई हजार रुपैया। |

(३) नियम (२) को उपनियम (१.१)मा उल्लेखित प्रोत्साहन भत्ता सुविधा प्रमुख प्रशासकीय अधिकृतले तोकेका राष्ट्रसेवक कर्मचारीहरुलाई आर्थिक प्रशासन शाखाले नियमित मासिक रुपमा उपलब्ध गराउनुपर्नेछ।

(४) नियम(३) बमोजिम गोलबजार नगरपालिकाले उपलब्ध गराउने मासिक प्रोत्साहन भत्ता सुविधा बाहेक नगरपालिका/प्रदेश सरकार वा नेपाल सरकारले उपलब्ध गराउने अन्य थप आर्थिक सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

(५) यस कार्यविधीमा जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारीहरुको कामको प्रकृतीको आधारमा मुल्याँकन गरी कुनै कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने वा नपर्ने बिषयमा प्रमुख प्रशासकीय अधिकृतले अन्तिम निर्णय गर्नसक्नेछन्।

(६) यो कार्यविधी स्वीकृत हुनु पुर्व यसमा उल्लेखित मासिक प्रोत्साहन भत्ताको सुविधा कुनै कर्मचारीलाई भुक्तानी गरेको भए सो समेत यसै बमोजिम भए सरह मान्य हुनेछ।

## परिच्छेद-३

**(५) खारेजी र बचाउः**

(१) यस कार्यविधीमा उल्लेखित कुनै नियम / उपनियम प्रचलित नेपाल कानुन संग बाझिएमा बाझिएको हद सम्म वा गोलबजार नगरपालिका,नगर कार्यपालिकाले निर्णय गरि खारेज गरिदिएमा स्वतःनिष्कृय हुनेछ।

(२) यस कार्यविधीमा उल्लेखित नियम/उपनियमहरुको ब्याख्या गर्ने,संसोधन/परिमार्जन गर्ने तथा थपघट गर्ने अधिकार गोलबजार नगरपालिका,नगर कार्यपालिकामा निहित रहनेछ।

**स्वीकृत मितिः२०७६ साल बैशाख १० गते ।**

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा प्रदेश नं.२ नेपाल

२०७६/१/१०

**देवनाथ साह**
नगर प्रमुख
गोलबजार नगरपालिका,सिरहा

★ समाप्त ★